जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ८१ २०८२ साल कात्तिक ७ गते शुक्रबार (24 Oct 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : विश्व हिउँचितुवा दिवस :... ३ पृष्ठमा : शान्ति सैनिकको संख्या ... ३ पृष्ठमा :वैज्ञानिकहरूद्वारा सेलको ...

## छठ पर्वको तयारी तिब्र





**दैनिक समाचारदाता**
**राजविराज, ६ कात्तिक ।**

नेपालीहरुको दोश्रो ठूलो चाड तिहार सके लगत्तै लोकआस्थाको महान पर्व छठ धुमधामका साथ मनाउन हिन्दु धर्मावलम्बी उत्साहपूर्वक जुटेका छन् ।

यस क्रममा सप्तरीवासी अहिले विभिन्न तालतलाउ, नदी, खोला र पोखरीलाई सफा गरि पूजाघाट बनाउने र सिंगार्न व्यस्त भएका छन् । भक्तजनका साथै सेना, प्रहरी र जनप्रतिनिधि मिलेर सदरमुकाम राजविराजस्थित भगवती, कल्टु, पूर्णी, शिव र तुरन्ती पोखरीलाई सरसफाई गर्न थालेका छन् ।

छठ पर्व मनाउन सहज होस् भन्ने उद्देश्यका साथ सबै मिलेर जलाशयहरुको सरसफाईमा जुटेको राजविराज ७ का वडा सदस्य रमानन्द देवको भनाई छ ।

सूर्यको आराधना गरि मनाइने चार दिवसीय छठ पर्व अन्तरगत यस पल्ट कात्तिक ८ गते शनिबार नहायखाय, कात्तिक ९ गते आइतबार खरना, कात्तिक १० गते सोमबार सन्झिया घाट ( अस्ताउदो सूर्यलाई अर्घ) र कात्तिक ११ गते मंगलबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिने तय रहेको चण्डि दुर्गा भगवती मन्दिरका मूल पूजारी पण्डित दुर्गानन्द मिश्रको भनाई छ ।

यता छठ पर्वमा पूजा र प्रसाद सामाग्रिमा प्रयोग हुने सरसामान खरीद गर्नेको बजारमा भिड बढ्दै गएको छ । स्थानीय यतिबेला छठ पूजा घाट सजाउन र पूजा सामाग्रि किन्न व्यस्त देखिएका छन् ।

बजार अहिले छठ पूजाका सामाग्रिले भरिभराउ छन् भने ठाउँ ठाउँमा सडक किनारमै पूजा सामाग्रिका दर्जनौं अस्थायी पसलहरु समेत खुलेका छन् ।

## करेन्ट लागेर पूर्व वडाध्यक्ष यादवको मृत्यु

**दैनिक समाचारदाता**
**रौतहट, ६ कात्तिक ।**

रौतहटमा बुधबार करेन्ट लागेर एक पूर्व वडाअध्यक्ष करेन्ट लागेर मृत्यु भएको छ । मृत्यु हुनेमा गौर नगरपालिका ५ का पूर्ववडाध्यक्ष ४२ वर्षीय राम सोगारथ यादव रहेको प्रहरीले जनाएको छ ।

खेतबारीमा पानी लगाउने क्रममा विद्युतीय मोटरको तारबाट करेन्ट लागेर घाइते भएका यादवको उपचारका लागि लगिएकामा प्रादेशिक अस्पताले गौरमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

## विद्युत सर्ट भई किराना पसलको स्टोर कोठामा आगलागि



**दैनिक समाचारदाता**
**राजविराज, ६ कात्तिक ।**

विद्युत सर्ट भई एक किराना पसलको स्टोर कोठामा आगलागि हुँदा दश लाख मुल्य बराबरको क्षति भएको छ ।

राजविराज ७ स्थित नागमणि किराना पसलको स्टोर कोठामा बुधबार राती ९ बजेतिर भएको आगलागिले १० लाख मुल्य बराबरको क्षति भएको हो ।

आगलागिबाट स्टोरमा राखिएका ७ कार्टुन रजनीगन्धा र तुलसी, तीन कार्टुन चुरोट, एक कार्टुन पेन्सिल, तीन बोरा पानबगान र भोला गुटका साथै फर्निचर र अन्य सरसामान जलेर नष्ट भई १० लाख मुल्य बराबरको क्षति भएको पसल संचालक नागेश्वर साहले जानकारी दिए ।

घटना बारे जानकारी प्राप्त भएपछी खटेको प्रहरी टोलीले घटना मुचुल्का तथा क्षतिको विवरण संकलन गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## चित्रगुप्तको कलम एक लाख ५ सय ५५ मा बिक्रि



**दैनिक समाचारदाता**
**राजविराज, ६ कात्तिक ।**

चित्रगुप्त सेवा समिति राजविराजले प्रत्येक बर्ष आयोजना गर्ने भगवान चित्रगुप्तको पूजा पश्चातको भगवान हाथको पूजित कलम यस वर्ष १ लाख ५ सय ५५ रुपैयामा बिक्री गरिएको छ ।

राजविराज वडा नं २ बस्ने मनोज कुमार लाल कर्णले उक्त कलम डाक बढाबढमा साकार गरेका हुन् । मनोज राजविराजका व्यावसायी हुन । कलमको उनी भन्दा कम मूल्य राजविराज २ बस्ने प्रतिक कर्णले ९५ हजार ५ रुपैयाको बोली लगाएका थिए ।

समितिले प्रत्येक वर्ष यम पञ्चकको तेश्रो दिन भातृद्वितियाको दिनमा यमराजको मुख्य काम गर्ने भगवान चित्रगुप्तको पूजा विगत ४० बर्ष देखि आयोजना गर्दै आएको छ ।

पूजाको अवसरमा आयोजन गरिएको कार्यक्रममा चित्रांश समाजका विद्यार्थीहरुलाई छात्रवृति प्रदान गरिएको थियो । विद्यालय स्तरमा दिइने छात्रवृति यस पटक राहुल लाल, अनिकेत दास, कृतिका कर्ण, अमन मल्लिक, दीपिका कर्णलाई दिइएको छ भने उच्च अध्ययनतर्फ भूमिका कर्ण, ज्योति कर्ण, स्नेहा दत्त, आयुष कर्ण, रूपा कर्ण र नन्दिनी दत्तलाई दिइएको छ ।

समितिका अध्यक्ष विमल कुमार कर्णको अध्यक्षतामा आयोजित समारोहमा भगवानको मन्दिरमा भक्तहरुलाई स्वच्छ खानेपानीको उपलब्धताको लागि करिब २ लाखको लागतमा निर्माण गरिएको खानेपानी ट्यांकको हस्तानान्तरण गरिएको छ । राजविराज ८ निवासी स्व. रामचन्द्र लाभको स्मृतिमा उनकी पत्नी सुनिता लाभले उक्त ट्यांक निर्माण गराएकी हुन् ।

समितिका महासचिव रणधिर कुमार कर्णद्वारा संचालित कार्यक्रममा राजविराज २ बस्ने ध्रुव कुमार स्वर्णकारले भगवानको लागि एउटा चाँदीको मुकुट प्रदान गरे ।

महासचिव कर्णका अनुसार भगवान चित्रगुप्त पूजाको विसर्जन शुक्रवार बिहान १० बजे गरिने र बिहानै चित्रांश बालवालिकाहरुलाई सम्मिलित गराएर हाजिर जवाफ कार्यक्रम संचालन गरिने जनाएका छन् ।

**मधुमेह (डायबिटिज) रोगबाट बचौं ।**

मधुमेहले,
- शरीरका विभिन्न अंगमा क्षति पुऱ्याउने,
- मुटु र मिर्गौलाले काम नगर्ने,
- अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न,
- शरीरको तौल सन्तुलित राखौं,
- चिल्लो तथा चिनीजन्य परिकार कम खाऔं,
- जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं,
- धुम्रपान, मद्यपान नगरौं, नियमित व्यायाम गरौं,
- रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाऔं,
- प्रशोधित खानाहरु नखाऔं,
- तनाव व्यवस्थापन गरौं,
- नियमित स्वास्थ्य परीक्षण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

# दिनहुँ सरसफाई गर्ने परिपाटी बसाल्नेतर्फ ध्यान पुगोस्

छठ पर्वको अवसरमा स्थानिय तहले जलाशयको सफाईमा जसरी ध्यान दिएको छ त्यसरी नै प्रत्येक दिन सफाईमा ध्यान दिन सके पक्कै पनि जलाशय सधैं सफा रहनेछ । वर्षमा एक पटक मात्र सरसफाई गरेर हुन्छ त ! यो एउटा गम्भिर विषय हो । सरसफाई भन्ने कुरा दिनहुँ हुनुपर्दछ । सरसफाईका कारण अधिकांश रोगहरु आफै उन्मूलन हुनपुग्छ । एकै पटक गर्ने सरसफाइलाई दिनहुँ गर्न सकिए पक्कै पनि यो कार्य गर्न कठिनाई हुँदैन् । अहिलेको समयमा मानिसहरु सबै भन्दा बढी स्वास्थ्यमा ध्यान दिने गरेका छन् । आधुनिकतासँगै विभिन्न खाले रोगहरुको पनि आवगमन भएको छ । यस्ता रोगहरुलाई परास्त गर्न सरसफाई नै हो । सरसफाईको नाममा स्थानिय तहले बजेट त छुट्याउँछन् तर, त्यसको उपयोग कागजी काममै गरेको पाइएको छ । कागजमै सरसफाईको काम गरेर बजेटलाई मिलान गर्ने काम पनि गरेको पाइएको छ ।

यस्तै वर्षमा एक पटक बिजुलीको पोलहरुमा बत्ति जडान गर्ने कुरा पनि सुहाउँदो होइन् । एक महिना बत्ति बल्ने अनि बाँकीको समय अध्यारोमै बस्ने यो कतिको जायज हो ? हो यस्ता विषयमा जनप्रतिनिधिहरुले मनन् गर्ने पर्छ । विशेष गरि यो कार्य दशैं र तिहारको आगमनसँगै गर्ने गरिन्छ ।

तसर्थ यस्ता विषयलाई गम्भिरतापूवर्क मनन् गरि दिनहुँ सरसफाई गर्ने परिपाटी बसाल्नेतर्फ ध्यान दिनु अति आवश्यक छ ।

# विश्व हिउँचितुवा दिवस : बासस्थान ह्रास र आहारा प्रजाति कमीको चुनौती

**भीष्मराज ओझा**
काठमाडौँ, ६ कात्तिक (रासस) ।

विश्वकै दुलर्भ हिउँचितुवाको संरक्षणका निम्ति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यसहित २३ अक्टोबरमा अन्तरराष्ट्रिय हिउँ चितुवा दिवस मनाइन्छ ।

'मौन संरक्षकहरुको सुरक्षा गर्दै' नाराका साथ यस वर्षको हिउँ चितुवा दिवस विश्वभर मनाइएको छ । नेपालसहित विश्वका १२ देशमा मात्र पाइने हिउँचितुवा स्वच्छ हिमाली पर्यावरणको सूचक मानिन्छ । हिउँचितुवा नेपाल, अफगानिस्तान, भुटान, चीन, काजकिस्तान, किर्गिस्तान, भारत, मङ्गोलिया, रसिया, पाकिस्तान, ताजकिस्तान र उज्वेकिस्तानमा पाइन्छ ।

वन तथा वातावरण मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार नेपालमा हिउँचितुवाको सङ्ख्या ३९७ रहेको छ । विश्वको कूल दुई प्रतिशत हिउँचितुवाको बासस्थान रहेको नेपालमा १० प्रतिशत हिउँचितुवा भेटिएको छ । नेपालका उच्च हिमाली क्षेत्रको ३० हजार ५०० वर्गकिमी क्षेत्रफलमा यसको बासस्थान रहेको छ । विश्वमा हाल चार हजारदेखि सात हजारको सङ्ख्यामा हिउँचितुवा रहेको अनुमान छ ।

पछिल्लो समय नेपालसँगै भारत, मङ्गोलिया र भुटानले प्रविधि, अनुसन्धान तथा तथ्याङ्क विश्लेषण गरी हिउँचितुवाको नयाँ र आधिकारिक तथ्याङ्क सार्वजनिक गर्दै आएका छन् । तथ्याङ्कअनुसार चीनमा दुई हजार ५००, मङ्गोलियामा ९५३, भारतमा ७१८, नेपालमा ३९७ र भुटानमा १३४ हिउँचितुवा रहेका छन् ।

हिउँचितुवा संरक्षणमा देखिएका आन्तरिक चुनौतीमा बासस्थानको ह्रास र आहारका लागि शिकार प्रजातिको कमी होभने बाह्य चुनौतीमा चोरीशिकारी र गैरकानुनी व्यापार हो । यसका साथै हिउँ चितुवासँग हुने द्वन्द्व घटाउन स्थानीयलाई सचेत गराउने र समयमा उचित क्षतिपूर्ति दिने व्यवस्था गर्नुपर्ने यस क्षेत्रका विज्ञहरु बताउँछन् ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलले पछिल्लो समय बासस्थानको गुणस्तर र आहारा प्रजातिमा कमी आउनु नै हिउँचितुवाको संरक्षणको मुख्य चुनौती रहेको बताउनुभयो । जलवायु परिवर्तनले उच्च हिमाली क्षेत्रमा बढी असर पुऱ्याएको र यसको प्रभावले हिउँचितुवाको बासस्थानमा ह्रास आएको उहाँले बताउनुभयो । बासस्थानमा आएको ह्रासले यसको आहारा प्रजातिमा कमी आएको देखिन्छ ।

"यसबाहेक द्वन्द्वका कारण बदलावको भावनाले कहिलेकाहीँ स्थानीयले पासो थाप्ने, आहारामा विष मिसाउने गरेको तथा भौगोलिक कठिनाइ, उचित प्रविधि, जनशक्ति र बजेटको कमीका कारण प्रभावकारी अनुगमन गर्न नसक्नुलगायत चुनौती पनि छन्", महानिर्देशक डा पौडेलले भन्नुभयो ।

हिउँचितुवा सामान्यतया समुद्री सतहबाट ५४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ । हिउँचितुवालाई आइयुसिएनले रातो सूचीमा विश्वव्यापी जोखिमको रूपमा सूचीबद्ध गरेको छ । हिउँचितुवा उच्च हिमाली क्षेत्रको स्वास्थ्य परिस्थितिकीय प्रणालीको महत्वपूर्ण हिस्सा हो । यसलाई हिमालकी रानी पनि भनिन्छ । हिउँचितुवा लजालु प्रकृतिको हुन्छ । त्यसैले यसलाई भेट्न गाह्रो हुन्छ ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले मन्त्रालयसँगको समन्वयमा हिउँचितुवासँग स्थानीयको द्वन्द्व घटाउन विभिन्न कार्यक्रम गर्दै आएको जनाएको छ । हिउँचितुवाबाट स्थानीयका भेडा, बाखा र च्याङ्ग्रा जोगाउन सुरक्षित खोर बनाउने कार्यक्रममा सहयोग गर्दै आएको कोषका सदस्य सचिव डा नरेश सुवेदीले जानकारी दिनुभयो । "यस बाहेक मनाङमा हिउँचितुवाको संरक्षणका लागि समुदायमा आधारित संरक्षण कार्यक्रम गर्दै आएका छौँ, मनास्लु, गौरीशङ्कर र अन्नपूर्ण संरक्षण क्षेत्रमा क्यामेरा ट्रयापमार्फत अनुगमन गर्दै आएका छौँ", उहाँले भन्नुभयो ।

वन मन्त्रालयले हिउँचितुवाको संरक्षणलाई प्राथमिकतामा राखेर 'हिउँचितुवा संरक्षण र कार्ययोजना (२०२४-२०३०)' तयार गरी कार्यान्वयनमा ल्याएको छ । हिउँचितुवा सामान्यतया समुद्री सतहबाट ५४० देखि पाँच हजार मिटर उचाइमा पाइन्छ । तथ्याङ्कअनुसार नेपालको पूर्वको तुलनामा पश्चिममा बढी सङ्ख्यामा हिउँचितुवा छन् । यस लोपोन्मुख प्रजातिको चोरी सिकार तथा बेचबिखनलाई नियन्त्रण गर्नुपर्नेमा सरोकारवाला विज्ञको भनाइ छ ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा घनश्याम गुरुङले डब्लुडब्लुएफले मन्त्रालयसँगको समन्वयमा हिउँचितुवाको संरक्षणका लागि बासस्थानमा क्यामेरामार्फत अनुगमन, समुदायको संलग्नतामार्फत द्वन्द्व कम गर्नेलगायत विभिन्न काम गर्दै आएको बताउनुभयो । "यसबाहेक हिउँचितुवा संरक्षणका लागि सीमापार, क्षेत्रीय, अन्तरराष्ट्रिय समन्वय र सहयोगमा आवश्यक कार्यक्रम, बैठक, अन्तरक्रिया गर्दै आएका छौँ", उहाँले भन्नुभयो ।

हिउँचितुवा ठूला बिराला प्रजातिहरूमध्ये सबैभन्दा कम अध्ययन गरिएको क्षेत्रमध्ये पर्दछ । विश्व वन्यजन्तु कोषको सन् २०२१ को एक प्रकाशनअनुसार उक्त समयसम्म हिउँचितुवाको विश्वव्यापी क्षेत्रको लगभग २३ प्रतिशत मात्र व्यवस्थित रूपमा अध्ययन गरिएको छ । तीन प्रतिशतभन्दा कममा मात्र सङ्ख्यासम्बन्धी अनुभवजन्य तथ्याङ्क उपलब्ध छन् । नेपालको कञ्चनजङ्घामा देखिएको हिउँचितुवा आहारको खोजीमा भारत हुँदै भुटानसम्म पुगेको मन्त्रालयको तथ्याङ्क छ ।

तसर्थ यसको संरक्षणका लागि कुनै एक देशको प्रयास मात्र सम्भव नहुने भएकाले द्विपक्षीय तथा अन्तरराष्ट्रिय समन्वय र सहकार्य आवश्यक छ ।

# जेनजी आन्दोलनका घाइते भन्छन् : घाउले भन्दा बढी चहऱ्याउँछ चाडबाडको सम्झनाले

**बुनु थारू**
काठमाडौँ, ६ कात्तिक (रासस) ।

गत भदौ २३ गते जेनजी प्रदर्शनका दिन गीता साह कोटेश्वरस्थित घडी पसलमै हुनुहुन्थ्यो । माइतीघरबाट सुरु भएको आन्दोलन कोटेश्वरसम्म आउला र त्यो आन्दोलनको घानमा आफू परिएला भन्ने उहाँलाई के थाहा ? तर भइदियो त्यस्तै ।

सप्तरीकी ४८ वर्षीया साहको पसल कोटेश्वर प्रहरी चौकी छेउमै छ । एउटा ठूलो भिड कोटेश्वरतिर आइसकेपछि उहाँ हेर्नका लागि बाहिर निस्कनुभएको थियो । हेर्दाहेर्दै प्रदर्शन चर्किंदै गयो । कताकताबाट आएको पेट्रोलसहितको आगो उहाँको शरीरमा सल्कियो । उहाँलाई उद्धार गरेर कान्तिपुर अस्पताल पुऱ्याइयो । त्यहाँ पनि आन्दोलनकारीको भिड भएकाले सिनामङ्गलस्थित काठमाडौँ मेडिकल कलेज (केएमसी) लगियो ।

अहिले पनि उहाँ केएमसीको प्लास्टिक सर्जरी पोष्ट अपरेटिभ वार्डको बेड नं २४४ मा उपचाररत हुनुहुन्छ । उहाँको शरीरको १८ प्रतिशत भाग जलेको छ । कम्मरमुनि र दायाँ हातमा बढी असर छ ।

अस्पतालको शय्यामा सुतिरहनुपर्दा उहाँमा पीडा थपिएको छ । घाउ चहऱ्याउँदा उहाँ घरीघरी चिच्याउनुहुन्छ ।

सबैभन्दा नरमाइलो त उहाँलाई दशैँमा भएको थियो । अस्पतालको बेडमै रहँदा दशैँको रौनक आयो, गयो । तिहारअघि त डिस्चार्ज हुन्छु कि भन्ने थियो । तर उहाँलाई चिकित्सकले निगरानीमै राखेको छ ।

"बाहिर तिहारको झिलिमिली, रङ्गीचङ्गी छ । सबैमा उत्साह र रौनक छ, मैले भने दशैँतिहार नै अस्पतालको शय्यामा बिताउन बाध्य भएँ," उहाँ भन्नुहुन्छ ।

यस्तो वेला उहाँलाई विगतका दशैँ र तिहारको झझल्को नआउने होइन । हरेक वर्ष उहाँ तिहारमा घर-पसल सजाउनुहुन्थ्यो । तिहारले बेग्लै खुसीयाली दिन्थ्यो । यसपालि भने उहाँको घर सजिएन । "मनमा उत्साह नै नभएपछि घर सजाउनुको के अर्थ भयो र," उहाँ निराश हुँदै भन्नुहुन्छ, "डेढ महिना पुग्न लागिसक्यो । अस्तपालको बेडमै बस्दाबस्दा म थाकिसकेकी छु ।"

उहाँ अस्पतालमा भएपछि पसल छोरा राहुलले रेखदेख गर्दै आउनुभएको छ । "छोरा विदेश जाने तयारीमा थियो । म नै अस्पताल भर्ना भएपछि अब उसको के हुने हो टुङ्गो छैन," उहाँले सुनाउनुभयो ।

केएमसीकै हाई केयर युनिटमा हुनुहुन्छ, काभ्रेका २७ वर्षीय कमल घिमिरे । उहाँका आमाबुबा भक्तपुरको राधेराधेमा गाई फार्म चलाउँदै हुनुहुन्छ । घिमिरेले पनि आमाबुबालाई सघाउँदै आउनुभएको थियो ।

दूध पुऱ्याउन सधैँझैं भदौ २३ गते पनि उहाँ बानेश्वर आउनुभएको थियो । घर फर्किने बेलासम्म काठमाडौँको अवस्था असामान्य बनिसकेको थियो । बानेश्वर क्षेत्र तनावग्रस्त थियो । पानीको फोहरा, अश्रुग्यास मात्र होइन गोलीसमेत चल्न थालिसकेको थियो । उहाँ यो माहोल हेर्न बानेश्वरमा एकछिन के रोकिनुभएको थियो, गोली उहाँको छातीमा लाग्यो ।

काका प्राणनाथ घिमिरेका अनुसार गोलीले फोक्सोमा ठूलो असर पुऱ्याएको छ । केही समय त कमलको बोली नै ननिस्किने भएको थियो अहिले भने बोल्न सक्नुहुन्छ ।

"सरकारले स्वास्थ्य उपचार निःशुल्क गरे पनि औषधी र खानाको पैसा तिर्नुपरेको र त्यो महँगो भएकाले हामीलाई निकै गाह्रो परिसक्यो," कुरुवा बस्दै आउनुभएका काका प्राणनाथले भन्नुभयो, "छातीको दायाँ भागमा ठूलो घाउ छ । डाक्टरले पुरिन निकै समय लाग्छ भनेका छन् ।"

गोली लागेपछिका कठिन

बाँकी तीन पृष्ठमा

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# शान्ति सैनिकको संख्या कटौती हुँदा पनि धेरै खटाउनेमा नेपाल नै पहिलो

**नारायण न्यौपाने**

काठमाडौँ, ६ कात्तिक (रासस) ।

संयुक्त राष्ट्रसङ्घ(युएन)ले बजेट अभावका कारण द्वन्द्वरत मुलुकमा स्थापना भएका मिसनमा परिचालित शान्ति सैनिकको सङ्ख्या २५ प्रतिशसम्म कटौती गर्दैछ । त्यसबाट शान्ति सैनिक पठाउने देशहरूलाई आर्थिक र सैन्य कूटनीतिमा केही न केही असर पर्नेछ ।

युएनको त्यस निर्णयबाट नेपालले पठाउँदै आएको शान्ति सैन्यको सङ्ख्या पनि कम हुनेछ । यद्यपी युएनमार्फत शान्ति सैनिक परिचान गर्ने सबैभन्दा ठूलो देशको सूचीमा भने नेपाल कायम रहने छ ।

विश्वका १२० भन्दा बढी देशका एक लाख २० हजार बढी शान्ति सैनिक युएनमार्फत १४ वटा मिसनमा रही विश्वका विभिन्न द्वन्द्वरत मुलुकमा शान्ति स्थापनाका लागि अहोरात्र खटिरहेका छन् ।

शान्ति स्थापनार्थ सैन्य परिचानका लागि युएनको मुख्य आर्थिक स्रोत भनेको सदस्य मुलुकबाट प्राप्त तोकिएको निश्चित सहयोग हो । केही सदस्य मुलुकबाट प्राप्त हुने आर्थिक सहयोग समयमै नआएको र केहीबाट उपलब्ध हुने भएपछि बजेट अभावमा शान्ति सैनिकको सङ्ख्या कटौती गर्न लागिएको हो ।

नेपाली सेनाको युद्धकार्य महानिर्देशक अनुपजङ्ग थापाले हाल परिचालित शान्ति सैनिकको सङ्ख्यामा २५ प्रतिशत कटौतीको सम्भावनाको योजनाको जानकारी प्राप्त रहेको बताउनुभयो । उहाँले भन्नुभयो, "अन्तरराष्ट्रिय क्षेत्रमा नेपालको कूटनीतिक सम्बन्ध हासिल गर्ने एक महत्त्वपूर्ण उपाय र यन्त्रका रूपमा नेपाली शान्ति सैनिक छ । राष्ट्रसङ्घबाट शान्ति सैनिकको सङ्ख्या कटौती भए पनि नेपाल भने धेरै शान्ति सेना पठाउने र योगदान गर्ने सूचीमा अग्रणी भूमिकामै रहन्छ ।"

राष्ट्रसङ्घका मिसनमा अवश्यकता अनुरूप फौजको सङ्ख्या थपघट हुने गरेको भए पनि पछिल्लो समय भने बजेट अभावकै कारण शान्ति सेनाको सङ्ख्या कटौती गर्न लागेको हो । राष्ट्रसङ्घले फौजको सङ्ख्या घटाउँदा समानुपातिक सन्तुलन कायम गर्ने योजना बनाएको सेनाले जानकारी दिएको छ ।

नेपाली शान्ति सैनिक हाल विश्वका विभिन्न द्वन्द्वरत मुलुकमा स्थापना गरिएका १० वटा मिसनमा तैनाथ छन् । हाल ५३८ महिला सैनिकसहित पाँच हजार ८१९ नेपाली शान्ति सेनामा परिचालित छन् । नेपाली शान्ति सैनिकले विश्वमै सहासिक, अनुशासित र व्यावसायिक 'च्याम्पियन' सैनिकका रूपमा आफ्नो परिचय बनाइसकेको छ ।

यसअघि निलो हेलमेट धारी एक लाख ५९ हजार ६६४ नेपाली शान्ति सैनिकले राष्ट्रसङ्घको विश्वशान्ति अभियानमा योगदान पुऱ्याइ नेपाललाई सोही सङ्ख्यामा शान्ति पदक दिलाउन सफल भएको इतिहास छ । त्यस क्रममा विश्वमा द्वन्द्वग्रस्त मुलुकमा स्थापना भएका ४४ वटा मिसनमा काम गर्ने सिलसिलामा ७४ जना सैनिकको बलिदानी भएको छ भने ७५ जना गम्भीर घाइते छन् ।

युद्धकार्य निर्देशक मनोज थापा भन्नुहुन्छ, "मिसन आवश्यकता अनुरूप नयाँ स्थापना हुने र सञ्चालनमा रहेका मिसन बन्द हुने नियमित प्रक्रिया हो । आवश्यकताकै आधारमा मिसनमा फौज थपिने र कटौती हुन्छन् । यसपटक भने बजेट अभावकाकारण शान्ति सैनिकको सङ्ख्या घटाउनुपर्ने बाध्यता छ ।"

नेपाल राष्ट्रसङ्घको सदस्य राष्ट्र हुनुका नाताले महत्त्वपूर्ण जिम्मेवारी सम्हाल्दै आएकोछ । बजेट कटौती हुँदा नेपाली शान्ति सैनिकलाई मात्र होइन, समग्रमा सबै शान्ति फौज पठाएर योगदान गर्ने राष्ट्रलाई असर पर्नेछ । राष्ट्रसङ्घले १५ प्रतिशतसम्मको बजेट अभावलाई सम्बोधन गर्न फौजको सङ्ख्या घटाउन लागेको जानकारी प्राप्त भएको छ । कटौती गरिने फौज समानुपातिक आधारमा हुनेछ ।

विश्व शान्ति स्थापनाकार्यमा नेपालको महत्त्वपूर्ण भूमिका र जिम्मेवारी छ । संयुक्त राष्ट्रसङ्घको छातामुनि रही नेपाली सेनाले विश्वमै जोखिम युक्तकार्यका लागि प्राप्त जिम्मेवारीलाई सहजै स्वीकार गरी इमान्दार, सहासिक, बहादुरी र व्यावसायिक सेनाको परिचय दिलाउन सफल भएको छ । नेपालले यसअघि नै राष्ट्रसङ्घबाट माग भइ आएमा एकै पटक १० हजारको सङ्ख्यामा शान्ति सैनिक उपलब्ध गराउन सक्ने प्रतिबद्धतासमेत जनाएको छ ।

शान्तिकार्य निर्देशक श्रवणकुमार विष्ट भन्नुहुन्छ, "विश्व शान्तिका लागि आफ्नो जनशक्ति खटाएर राष्ट्रिय हितमा सेनाले गरेको योगदानबारे सबैलाई थाहा भएकै विषय हो । राष्ट्रसङ्घमा फौज उपलब्ध गराएवापत प्राप्त हुने रकम विदेशी मुद्रा आर्जन गर्ने महत्त्वपूर्ण श्रोत हो । फौज कटौती भएमा त्यसमा केही सङ्कुचन आउने सम्भावना रहन्छ ।"

परराष्ट्र सम्बन्ध विस्तारका हिसाबले दूतावास नभएका ठाउँमा खटिएका शान्ति सैनिकबाट प्रत्यक्ष नभएपनि परोक्षरूपमा सहयोग पुग्दै आएको छ । नेपाली शान्ति सैनिकको सङ्ख्या कटौती भएको खण्डमा कूटनीतिक र आर्थिक हिसाबले केही हदसम्म नेपालाई पनि असर पर्नेछ । खासगरी विदेशी मुद्रा आर्जन गर्ने शान्ति सेना महत्त्वपूर्ण श्रोत रहीआएको छ ।

अहिले शान्ति सैनिक ठूलो सङ्ख्यामा पठाउने राष्ट्रको सूचीमा नेपाल अग्रस्थान ( पहिलो) नम्बरमा छ । संयुक्त राष्ट्रसङ्घका अनुसार समानुपातिक हिसाबले फौजको सङ्ख्या कटौती हुँदा पनि नेपालको हालको स्थान कायम नै रहने छ । शान्ति सेनामा फौजको सङ्ख्या कटौतीलाई सेनाले योजनाबद्ध रूपमा कार्यान्वयन गर्नेछ ।

***जेनजी आन्दोलनका ...***

समय र शारीरिक पीडा त छँदै छ, तर यहीबीच आइपरेका महत्त्वपूर्ण चाड कमलले खुब 'मिस' गर्नुभएको छ । "अस्ति दशैँमा त मैले नै जसोतसो टीका लगाइदिएँ," काका प्राणनाथ भन्नुहुन्छ, "यो तिहार भने उसको खल्लो होलाजस्तो छ । अस्पतालमा भाइटीका गर्न सजिलो छैन ।" कमलका एक जना बहिनी हुनुहुन्छ । पटक-पटक शल्यक्रिया गर्नुपर्ने भएकाले कहिले निको हुने टुङ्गो नभएको दिक्दारी कमलका काकाले पोख्नुभयो । "यत्रा चाडबाड आए, म पनि अस्पतालमै बस्नुपर्ने बाध्यता आइलाग्यो । तिहारमै पनि अस्पतालकै बास भयो," उहाँले भन्नुभयो, "डाक्टरले छोरो निको भयो, अब घर जानु भनेका दिन कति खुसी लाग्ने थियो ।" चाडबाडका बीच अस्पतालको बेडमै रहनुपर्दा घाइतेलाई घरपरिवार आफन्तको यादले बढी सताएको छ ।

जेनजी आन्दोलनका घाइतेहरू काठमाडौँका अरु अस्पतालमा पनि हुनुहुन्छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको पछिल्लो अपडेटअनुसार राष्ट्रिय ट्रमा सेन्टरमा चार जना, त्रिवि शिक्षण अस्पतालमा तीन जना, बि एन्ड बि अस्पतालमा एक जना र नोबेल मेडिकल कलेज शिक्षण अस्पतालमा एक जना गरी देशभर ११ जना घाइते उपचाररत हुनुहुन्छ । आन्दोनलमा घाइतेभइ उपचारका लागि दुई हजार ५७१ अस्पताल पुगेका थिए ।

# म कुनै पार्टीमा आबद्ध हुने विषयमा छलफल भएको छैन : मन्त्री घिसिङ

काठमाडौँ, ६ कात्तिक (रासस) ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले आफू कुनै पार्टीमा आबद्ध हुने विषयमा छलफल नभएको स्पष्ट पार्नुभएको छ ।

मन्त्री घिसिङले आफूलाई उज्यालो नेपाल पार्टीको आबद्धता र उक्त पार्टीको अध्यक्ष बनाउन लागिएको भन्ने हवाला दिँदै विभिन्न सामाजिक सञ्जाल एवं सञ्चारमाध्यममा जोडेर प्रकाशन भएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको बताउनुभएको छ ।

"सूचनारसमाचारमा उल्लेख गरिएजस्तो उक्त पार्टीमा मेरो आवद्धताका बारेमा कुनै किसिमको छलफल भएको छैन । प्रचार गरिएजस्तो 'जुम' बैठकमा मेरो सहभागितासमेत नरहने प्रष्ट पार्दछु", उहाँले भन्नुभएको छ, "मसँग कुनै छलफल र सल्लाह नै नगरी दुषित मनसायका साथ असत्य तथा तथ्यहीन सामग्री प्रचारप्रसार गरिएको हुँदा यसको खण्डन गर्दछु र सबैलाई त्यस्ता भ्रममा नपर्न अनुरोध गर्दछु ।"


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु । - जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु । - आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु । - शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं । - घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं । -घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं । - पानी राखेको भाँडालाई छोपेर राखौं । - अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

**जनहीतका लागि : रुपनी गाउँपालिका, सप्तरी**


## विश्व समाचार

# वैज्ञानिकहरूद्वारा सेलको न्युक्लियस नियन्त्रित गर्ने आणविक 'पासपोर्ट'को खोज

जेरुसेलम, ६ कात्तिक (रासस/एएनआई/टिपिएस) ।

इजरायली र अमेरिकी वैज्ञानिकहरूको एक संयुक्त टोलीले मानव कोशिकाको न्युक्लियसमा प्रवेश र निर्गमन नियन्त्रित गर्ने सूक्ष्म 'गेटवे' प्रणालीबारे अभूतपूर्व खोज गरेको छ । उक्त खोजले क्यान्सर, अल्जाइमर र एएलएस जस्ता गम्भीर रोगहरूको अध्ययनमा नयाँ दृष्टिकोण प्रदान गर्न सक्छ । यो अनुसन्धानको घोषणा जेरुसलेमको हिब्रू विश्वविद्यालयले गरेको हो । यस खोजमा हिब्रू विश्वविद्यालय, क्यालिफोर्निया विश्वविद्यालय सान फ्रान्सिस्कोको क्वान्टिटेटिभ बायोसाइन्सेज इन्स्टिच्युट (क्युबिआई), द रकफेलर युनिभर्सिटी र अल्बर्ट आइन्स्टाइन कलेज अफ मेडिसिनका वैज्ञानिकहरू संलग्न थिए । टोलीले यी गेटवेहरू–जसलाई न्युक्लियर पोर कम्प्लेक्स (एनपिसी) भनिन्छ–अत्यन्त लचिलो प्रोटिन नेटवर्क र विशेष आणविक 'पासपोर्ट' प्रयोग गरेर अणुहरूको आवागमन नियन्त्रण गर्छन् भनी पत्ता लगाएको छ ।

एनपिसीहरू सूक्ष्म संरचना हुन्–मानव कपालको चौडाइको करिब पाँच सयौं भाग बराबर । यसले कोशिकाको न्युक्लियसभित्र र बाहिर हुने सबै प्रकारका आणविक गतिविधि नियन्त्रित गर्छन् । अध्ययनका प्रमुख लेखक डा. बराक रवेह (हिब्रू विश्वविद्यालय) ले भन्नुभयो, "हाम्रो मोडेलले आजसम्मका कुनै पनि प्रविधिले प्रत्यक्ष रूपमा देख्न नसक्ने सूक्ष्म र तीव्र गतिविधिलाई कम्प्युटरमा अवलोकन गर्न सक्ने 'भर्चुअल माइक्रोस्कोप' का रूपमा काम गर्छ । विभिन्न स्वतन्त्र प्रयोगहरूको परिणामलाई संयोजन गरी कम्प्युटर सिमुलेसनमार्फत हामीले यी गेटहरू क्षण-क्षण कसरी सञ्चालन हुन्छन् भन्ने बुझ्न सफल भयौं ।"

डा. रवेहले भन्नुभयो, "एनपिसीहरूलाई साना तर अत्यन्त परिष्कृत सुरक्षा चौकीहरूका रूपमा बुझ्न सकिन्छ । यी सूक्ष्म संरचनाले हरेक मिनेट लाखौं अणुलाई छनोटपूर्वक पार गर्न दिन्छन्–उनीहरू गलत अणुहरूलाई बाहिरै रोक्छन् र सही अणुहरूलाई मात्र प्रवेश अनुमति दिन्छन् ।"

एनपिसीहरू कसरी एकैसाथ छिटो र अत्यन्त छनोटयुक्त हुन सक्छन् भन्नेबारे दशकौंदेखि वैज्ञानिकहरू बुझ्न असफल थिए । तिनीहरूको सानो आकारका कारण प्रत्यक्ष रूपमा अवलोकन गर्न सम्भव थिएन । अघिल्ला मोडेलहरूले यी गेटहरूलाई कडा फिल्टर वा स्पन्ज-जस्तो बनावटका रूपमा व्याख्या गरेका थिए, तर त्यसले ठूला अणुहरू पनि छनोटसहित प्रवेश गर्न सक्ने कारण स्पष्ट गर्न सकेको थिएन । नयाँ मोडेलले प्रयोगात्मक तथ्याङ्क र कम्प्युटर सिमुलेसनलाई संयोजन गर्दै मिलिसेकेन्डमा आणविक स्तरमा हुने क्रियाकलाप प्रकट गरेको छ । एनपिसीको भित्री भागमा एफजी रिपिट्स भनिने प्रोटिन चेनहरूको घना र निरन्तर गतिशील 'वन' हुन्छ, जसले भीडभाडयुक्त वातावरण सिर्जना गर्छ । यसले असम्बद्ध अणुहरूलाई रोक्दछ तर साना अणुहरूलाई सजिलै पार गर्न दिन्छ ।

ठूला कार्गो अणुहरू भने त्यतिबेला मात्र पार गर्न सक्छन् जब तिनीहरू आणविक यातायात रिसेप्टरहरू, अर्थात् विशेष 'आणविक पासपोर्ट' सहित हुन्छन् । यी रिसेप्टरहरूले एफजी चेनहरूसँग छोटो समयका लागि अन्तरक्रिया गर्दै अणुहरूलाई सही मार्गनिर्देशन गर्छन् । द रकफेलर युनिभर्सिटीका प्राध्यापक माइकल राउटले यस प्रक्रियालाई 'निरन्तर बदलिने आणविक नृत्य' भनेर व्याख्या गर्दै भन्नुभयो, "यी एफजी चेनहरू सधैँ गतिशील हुन्छन्, जसले भीडभाड र बेचैनीयुक्त वातावरण बनाउँछन् । केवल सही 'साथी' लिएर आउने अणुहरू–रिसेप्टरसहितका–मात्र त्यस नृत्यमा प्रवेश गर्न सक्छन्; बाँकीलाई बाहिरै रोकिएको हुन्छ ।"

एनपिसीहरूले कसरी साना अणुहरूलाई बाहिर राख्दै ठूला आणविक परिसरहरूलाई पनि छनोटसहित प्रवेश गर्न अनुमति दिन्छन् भन्नेबारे यस मोडेलले लामो समयदेखि रहेको वैज्ञानिक पहेली समाधान गरेको छ । क्युबिआईका प्राध्यापक आन्द्रेज सालीले भन्नुभयो, "यो मोडेलले पहिलो पटक स्पष्ट रूपमा देखाउँछ कि एनपिसीहरूले यस्तो अद्भुत छनोट क्षमता कसरी हासिल गर्छन् । यो खोजले औषधि र जैवप्रविधिको क्षेत्रमा नयाँ सम्भावनाहरू खोलेको छ ।"

त्यसैगरी अल्बर्ट आइन्स्टाइन कलेज अफ मेडिसिनका प्राध्यापक डेभिड काउबर्नले निष्कर्षका बारेमा भन्नुभयो, "यो अध्ययनले एएलएस, अल्जाइमर र क्यान्सर जस्ता रोगहरूमा देखिने आणविक यातायातसम्बन्धी गडबडीहरू बुझ्नमा तुरुन्तै प्रभाव पार्नेछ ।" वैज्ञानिकहरूले यस खोजको व्यावहारिक प्रयोग पनि देखेका छन् । प्राप्त ज्ञानको आधारमा उनीहरूले कोशिकाभित्र आणविक ट्राफिक नियन्त्रण गर्न सक्षम औषधिहरू विकास गर्न सक्ने वा एनपिसीको कार्यविधि नक्कल गर्ने सिन्थेटिक नानोपोरहरू निर्माण गर्न सक्ने सम्भावना रहेको छ, जसले उपचार पदार्थहरू सिधै न्युक्लियससम्म पुऱ्याउन सक्छ ।

यस्ता प्रविधिहरूले प्रयोगशालामा अणुहरूको अत्यन्त सटीक पहिचान र विश्लेषणका लागि प्रयोग हुने उपकरणहरूमा पनि ठूलो सुधार ल्याउन सक्छन् । मोडेलले पहिले अवलोकन नगरिएका आणविक व्यवहारहरूको सही भविष्यवाणी गरेको छ र एफजी चेन र रिसेप्टरबीचको क्षणिक अन्तरक्रियाले प्रणालीलाई उच्च दक्षता दिन्छ भन्ने प्रमाणित गरेको छ । यो अनुसन्धानले एनपिसीहरूको लचिलो संरचना र पुनरावृत्त संयन्त्रले तिनीहरूलाई तनावपूर्ण अवस्थाहरूमा पनि भरपर्दो बनाउँछ भन्ने स्पष्ट रूपमा देखाएको छ । यसैले यी प्रणालीहरू विकासक्रममा यति सफल बनेका हुन् । यो उल्लेखनीय अध्ययनको विस्तृत विवरण प्रतिष्ठित नेशनल एकेडेमी अफ साइन्स (पिएनएएस) को सहकर्मी-समीक्षित प्रकाशनमा प्रकाशित गरिएको छ ।

# लगाइयो भाइटीका, सकियो तिहार

काठमाडौँ, ६ कात्तिक (रासस)।

प्रत्येक वर्ष कार्तिक शुक्ल द्वितीयाका दिन मनाइने नेपालीको दोस्रो ठूलो चाड तिहारको मुख्य दिन आज दाजुभाइले दिदीबहिनीबाट टीका लगाएका छन्।

यमपञ्चक समेत भनिने तिहारको छैटौँ एवं अन्तिम दिन आज भाइटीका पर्व दिदीबहिनीले आफ्ना दाजुभाइलाई श्रद्धा, आस्था र निष्ठाका साथ दीर्घायु, आरोग्य र ऐश्वर्य प्राप्तिको कामना गर्दै परम्परा अनुसार पञ्चरङ्गी वा सप्तरङ्गी टीका लगाएर मनाइएको हो। आज भाइटीका लगाएसँगै नेपालीको दोस्रो चाड तिहार पनि समाप्त भएको छ।

दिदीबहिनीले दाजुभाइलाई टीका लगाएपछि दाजुभाइले पनि दिदीबहिनीलाई टीका लगाउने गरिन्छ। दिदीबहिनीलाई पूजा गर्नाले अखण्ड सौभाग्य र ऐश्वर्य प्राप्त हुने शास्त्रीय मान्यता रहेको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका सदस्य प्रा डा देवमणि भट्टराईले राससलाई जानकारी दिनुभयो।

भाइटीका लगाउन आज दिनभर बाधा नभए पनि साइत खोज्नेका लागि समितिले मध्याह्न ११:३९ बजेको साइत उत्तम भनी सार्वजनिक गरेको थियो। राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय मान्यता अनुसार बिहान ११:३९ बजे नै टीका लगाइएको थियो।

आज लक्ष्मी पूजाका दिन स्थापना गरिएको दियो, कलश र गणेशको पूजा गरी मूल थालीमा लेखिएको अष्टदलमा मार्कण्डेय, अश्वत्थामा, बलि, व्यास, हनुमान, विभीषण, कृपाचार्य र परशुराम गरी अष्ट चिरञ्जीवी, चित्रगुप्त, यमराज, यमुना र धर्मराज, गणपत्यादि वनस्पत्यन्त देवताको समेत पूजा आराधना गरी दिदीबहिनीले दाजुभाइलाई तेलको धाराले छेकेर परम्परा अनुसार सप्तरङ्गी वा पञ्चरङ्गी टीका, मखमली, सयपत्री वा गोदावरी लगायतका फूलका माला लगाइदिएका छन्।

तिहारमा सप्तरङ्गी टीका लगाउने भनी प्रचारप्रसार गरिए पनि शास्त्रीय मान्यता भने तिहारमा लगाउने टीकाको रङ्ग रातो, सेतो, पहेँलो, हरियो र नीलो गरी पाँचवटा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा भट्टराईले जानकारी दिनुभयो। टीका लगाइदिएपछि दिदीबहिनीले दाजुभाइलाई ओखर, कटुस, मर मसला एवं सेलरोटी लगायतका खानेकुरा दिने तथा दाजुभाइले पनि दिदीबहिनीलाई गच्छे अनुसार सौभाग्यका प्रतीक कपडा र दक्षिणा दिई सम्मान प्रकट गर्ने धार्मिक एवं सामाजिक परम्परा रहीआएको छ।

दिदीबहिनी नहुनेका लागि आजैका दिन काठमाडौँको रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर खुलाइएको थियो। बालगोपालेश्वर मन्दिर वर्षमा एकपटक आजैका दिनमात्र खुल्ने गर्दछ। दिदीबहिनी नहुनेहरु भाईटीकाका दिन यसै मन्दिरमा गई पूजा, दर्शन गरी टीका लगाउने गर्दछन्।

यसैगरी जयवागेश्वरीमा रहेको खञ्जनेश्वर महादेव मन्दिरमा पनि आज दिदीबहिनी नहुने दाजुभाइले पूजाआजा तथा दर्शन गरी टीका लगाउने प्रचलन रहेको छ। यसै मान्यता अनुसार खञ्जनेश्वर महादेव मन्दिरमा पनि बिहानैदेखि भक्तजनको घुइँचो लागेको थियो।

# अमेरिकामा दिपावली पर्वलाई विशेष सांस्कृतिक उत्सवको मान्यता

अमेरिका, ६ कात्तिक (रासस)।

नेपालीहरूको दोस्रो ठूलो पर्व दिपावलीलाई अमेरिकाको टेक्सस राज्यस्थित फोर्ट वर्थ सिटीले विशेष मान्यता प्रदान गरेको छ। फोर्ट वर्थ सिटी काउन्सिलको मङ्गलबार बसेको नियमित बैठकले दिपावली पर्वलाई सिटीको विशेष सांस्कृतिक उत्सवका रूपमा मान्यता प्रदान गरेको जनाइएको छ।

सिटीले मान्यता प्रदान गरेसँगै अबदेखि हरेक वर्ष दिपावली पर्वलाई फोर्ट वर्थ सिटीको आधिकारिक सांस्कृतिक उत्सवका रूपमा मनाइने भएको सिटी काउन्सिलले जनाएको छ।

बैठकमा सिटी प्रशासनको तर्फबाट काउन्सिल सदस्य डेबराह पिपल्सले दिपावलीलाई सहरको सांस्कृतिक विविधताको प्रतीकका रूपमा सम्मान गर्नुपर्ने प्रस्ताव पेस गर्नुभएको थियो। उक्त प्रस्तावलाई उपस्थित काउन्सिल सदस्य समर्थन जनाएको पिपल्सले बताउनुभयो।

जिल्ला नं ५ की काउन्सिल सदस्य पिपल्सले सोसम्बन्धी सम्मानपत्र नेपाली समुदायका अगुवा तथा फोर्ट वर्थ सिटीका भवन मापदण्ड आयुक्त मोहन ज्ञवालीलाई हस्तान्तरण गर्नुभएको छ।

हस्तान्तरण कार्यक्रममा सिटी प्रमुख म्याटी पार्करले नेपाली समुदायको उज्यालो पर्व दिपावली-तिहारलाई धार्मिक, ऐतिहासिक र सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण भन्दै सहरले यस पर्वलाई आधिकारिक रूपमा स्वीकार गरेको बताउनुभयो। उहाँले फोर्ट वर्थ सिटी विविधता र सांस्कृतिक समृद्धिको उत्कृष्ट उदाहरण भएको र यसमा नेपाली समुदायको पनि विशेष योगदान रहेको चर्चा गर्नुभयो।

नेपाली समुदायको तर्फबाट बोल्दै अगुवा ज्ञवालीले सहर प्रशासनप्रति आभार व्यक्त गर्दै नेपालीहरूको सांस्कृतिक पर्वलाई मान्यता प्रदान गर्नु सम्पूर्ण नेपाली समुदायका लागि गौरवको विषय भएको बताउनुभयो।

कार्यक्रममा गोरखापत्र संस्थानका महाप्रबन्धक लाल ऐरी, नेपाली समाज टेक्ससका अध्यक्ष राजेन्द्र वाग्ले, नेपाल अमेरिका पत्रकार सङ्घका अध्यक्ष सुरज भण्डारीलगायतको उपस्थिति रहेको थियो।

मंगलमय शुभकामना
२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
शुभ दीपावली





विश्वनाथ मण्डल
अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज ९, मलेठ, सप्तरी

मंगलमय शुभकामना
२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
शुभ दीपावली





सचिन्द्र दास
अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना
२०८२ सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
शुभ दीपावली





शत्रुघन प्रसाद गुप्ता
अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

भर्ना खुल्यो
गुणस्तरीय शिक्षाप्रति प्रतिबद्ध
युनिभर्सल कलेज
RAJBIRAJ UNIVERSAL ACADEMY
राजविराज,८, पुलचोक, सप्तरी
+2
विज्ञान
व्यवस्थापन
शिक्षाशास्त्र
मानविकी
For More Information Contact :
Contact : 031-590366, 9842820071, 9805928831

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*